क्षमता विकास योजना

(Capacity Development Plan)

(आ.व. २०७८/७९-२०८०/८१)

तेमाल गाउँपालिका

काभ्रेपलान्चोक

असार २०७८

क्षमता विकास योजना तयारमा आर्थिक तथा प्राविधिक सहयोग

तेमाल गाउँपालिकाको क्षमता विकास योजना प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशको आर्थिक सहयोग तथा स्मार्ट प्राइभेट लिमिटेड, अनामनगर, काठमाडौंको प्राविधिक सहयोगमा तयार गरिएको छ ।

शब्द संक्षेप

आ.व.	आर्थिक वर्ष
कि.मि.	किलोमिटर
गा.वि.स.	गाउँ विकास समिति
गा.पा.	गाउँपालिका
गै.स.स.	गैरसरकारी संस्था
न.पा.	नगरपालिका
मि.	मिटर
वि.सं.	विक्रम सम्वत
रु.	नेपाली रुपैयाँ
CBS	Central Bureau of Statistics
NPSAS	Nepal Public Sector Accounting Standard
SuTRA	Sub-national Treasury Regulatory Application

विषय सूची

कार्यकारी सारांश	५
परिच्छेद- १	६
परिचय	६
१.१. पृष्ठभूमि	६
१.२. गाउँपालिकाको संक्षिप्त परिचय	७
१.३. क्षमता विकास योजनाको उद्देश्य :	९
१.४. क्षमता विकास योजनाको औचित्य	१०
१.५. अपेक्षित प्रतिफल	१०
१.६. प्रयुक्त विधि र प्रकृया	१०
१.६.१. सन्दर्भ सामग्री पुनरावलोकन	११
१.६.२. क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे छलफल	११
१.७. अध्ययनका सीमाहरु	११
परिच्छेद २ :	१३
क्षमता विकासको आवश्यकता पहिचान र विश्लेषण	१३
२.१. क्षमता आवश्यकता पहिचान	१३
२.२. गाउँपालिकाको संगठन संरचना विश्लेषण	१३
२.३. क्षमता विकास लेखाजोखा	१५
२.४. तेमाल गाउँपालिकाको सवल र कमजोर पक्षको विश्लेषण	३८
२.५. गाउँ पालिकाको क्षमता विकासका रणनीतिहरु	४०
परिच्छेद ३	४१
क्षमता विकास योजना	४१
३.१. क्षमता विकास योजना	४१
परिच्छेद ४	४६
निचोड, अनुगमन तथा मुल्यांकन व्यवस्था	४६
४.१. निचोड	४६
४.२. अनुगमन	४६
सन्दर्भ सामग्री	४९

कार्यकारी सारांश

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ सँग तादात्म्यता रहने गरी प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशको आर्थिक प्राविधिक सहयोगमा तयार भएको तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोकको तीन आर्थिक वर्ष (२०७८/७९-२०८०/८१) को लागि क्षमता विकास योजनामा शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य र समन्वय जस्ता क्षेत्रहरुलाई आधार लिइएको छ । यो क्षमता विकास योजनामा समय तथा स्रोतबद्ध गरिएको क्रियाकलाप सहितको कार्य तालिका उल्लेख छ । क्रियाकलापहरु तीन वर्ष अवधिमा सम्पन्न भएपछि पालिकाको विद्यमान कार्य क्षमतामा वस्तुगत ढंगले देख्न सकिने गरी अभिवृद्धि हुनेछ । कार्य क्षमताका प्रस्तुत क्रियाकलापहरु कार्यान्वयन गर्न स्रोतको आवश्यकता पर्दछ । त्यसका लागि माग र आपूर्तिमा आधारित अर्थात कुनै क्रियाकलाप पालिका स्वयंको आन्तरिक आय आर्जनबाट वा राजस्व बाँडफाँडबाट व्यहोर्नु पर्ने हुन्छ भने धेरै क्रियाकलापका लागि चाहिने स्रोत आपूर्ति अर्थात प्रदेश सुशासन केन्द्र, नेपाल सरकार तथा प्रदेश सरकारको आफ्ना वार्षिक कार्यक्रमहरुको कार्यान्वयनको सिलसिलामा प्राप्त हुने गर्दछ । त्यसैले यो क्षमता विकास योजनामा दर्शाइएका क्रियाकलापहरु पालिका मात्रको स्रोतबाट व्यहोर्नु पर्ने देखिदैन ।

क्षमता विकासका विभिन्न क्रियाकलापहरु एक अर्कामा परिपुरक र परिपोषक हुने भएकाले प्रदेश सुशासन केन्द्रले तयार गरेको आफ्नो वार्षिक कार्यक्रमको जानकारी पालिकाले लिई ति क्रियाकलापहरुसँग यो योजनामा लेखिएका क्रियाकलापहरु भिडान गरी सुशासन केन्द्रसँग सहकार्य र समन्वय गरी पालिकाको कार्य क्षमता वृद्धिमा योगदान दिनु पर्नेछ ।

स्रोत र साधन दुर्लभ हुने भएकोले क्षमता विकास क्रियाकलापलाई प्रथम, द्धितिय र तृतिय प्राथमिकतामा वर्गिकरण गरिएको छ । प्रथम प्राथमिकता अन्तर्गत प्रस्ताव गरिएका क्रियाकलापहरु कार्यान्वयन गर्न पालिका आफैले स्रोतको जगेर्ना गर्न प्रत्येक वर्ष बन्ने गरेको वार्षिक योजना तथा कार्यक्रममा ती क्रियाकलापहरु अनिवार्यतः राख्न सुझाव दिइएको छ । त्यसैगरी, दोस्रो र तेस्रो प्राथमिकतामा रहेका क्रियाकलापहरुका निमित्त विभिन्न साझेदारहरु खोजी गर्न सकिन्छ ।

समग्र क्षमता अन्तराल पत्ता लगाउने सन्दर्भमा अध्ययन, लेखाजोखा गर्दा सार्वजनिक खरिदसँग सम्बन्धित क्षमता पर्याप्त मात्रामा रहेको देखिएन । त्यसैगरी, सार्वजनिक खरिदको क्षेत्रमा नियमहरु चाडोचाडो परिवर्तन भइरहने र प्राविधिक निर्देशिकाहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरिरहने अवस्था हुँदा सो को अद्यावधिक जानकारी विना गरिएको खरिदमा त्रुटीहरु देखिन सक्छन् । तसर्थ, पालिकाको यो क्षमता बढाउन अल्पकालिन एवं दीर्घकालिन प्रशिक्षणको आवश्यकता देखिएको छ ।

परिच्छेद- १
परिचय

१.१. पृष्ठभूमि

क्षमता भनेको कुनै व्यक्ति संस्था, निकाय वा संगठनको कुनै काम गराउन वा नगराउन प्रयोग गर्न पाउने अधिकार हो र विकास त्यस्तो प्रकृया हो, जसअनुसार कुनै वस्तुको आफ्नो आरम्भिक सामान्य अवस्थाबाट विस्तारै-विस्तारै बढ्दै सुधार हुँदै पुर्ण अवस्थामा पुग्दछ । विकासलाई अन्य विषयसँग जोडेर हेर्ने गरिन्छ । जस्तैः आर्थिक विकास, सामाजिक विकास, मानव संशाधन, भौतिक पूर्वाधार विकास इत्यादी । त्यसैले क्षमता विकास भन्नाले व्यक्ति वा संस्थामा रहेको कुनै काम गर्न वा नगर्न प्रयोग गरिने प्राधिकारको समुन्नत प्रयोग गर्न सक्ने गरी शक्ति सम्पन्न पार्ने प्रकृयालाई जनाउछ । कुनैपनि प्रणाली, स्थान, व्यक्ति तथा वस्तुको सुधारिएको अवस्था नै विकास हो भने मानवीय आवश्यकता तथा जीवनको गुणस्तर सुधार्न चालिने कदम पनि विकास हो । त्यसैले, विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु नै क्षमता विकास हो । क्षमता विकासलाई योजनाबद्ध गर्नु पर्दछ र योजना भन्नाले कुनै कुराको अठोट गरी अनुशासनमा बस्ने प्रकृयालाई जनाउछ । तसर्थ, क्षमता विकास योजना भित्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य एवं कार्यनीति पर्दछन् ।

क्षमता विकासलाई वृहत रुपमा हेर्नु पर्दछ र यसले अवाश्यक सिकाईको प्राप्ती र नयाँ अभिवृद्धि प्रकृयालाई समेट्दछ । संयुक्त विकास कार्यक्रम (UNDP) ले क्षमता विकासका बारेमा यसरी व्याख्या गरेको छ -"The Process through which, individual, organization and societies obtain, strengthen and maintain the capabilities to set and achieve their own development objectives over time"- Capacity Assessment Practice Note, 2008.

नेपालको संविधान को धारा ५६ (१) ले नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । जस अनुरुप स्थानीयस्तरदेखि नै जनतालाई सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण वनाई मुलुकको शासन व्यवस्थामा जनताको सहभागिता प्रर्वद्धन गर्न र स्थानीयस्तरमा नै सहज रुपमा जनतालाई सेवा उपलव्ध गराई जनताको नजिकको र भरपर्दो संयन्त्र बन्ने अवसर प्रदान गरेको छ । यसबाट लोकतन्त्रको संस्थागत विकास गर्न र अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्तताको अवधारणालाई मुर्त रुप दिइएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुलाई स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास, सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ । उक्त जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुनु अनिवार्य छ । रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहहरु बाट मात्र स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन ल्याउन सम्भव छ । स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरु तथा स्थानीय तहहरुको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा

समेत आएका युगान्तकारी परिवर्तन र समयको मागलाई सम्बोधन गर्न सक्ने स्थानीय तह बनाउनु पनि आजको माग हो ।

विगतमा स्थानीय तहहरुको क्षमता विकासको लागि स्थानीय विकास मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान तथा अन्तर्गतका निकायहरु, स्थानीय तह संघ/महासंघ, दातृ निकायहरु साथै स्थानीय तहहरुको आफ्नै प्रयासबाट क्षमता विकासका विभिन्न प्रयासहरु हुँदै आएका पनि छन् । तर त्यस्ता प्रयासहरु योजनाबद्ध, व्यवस्थित, गुणात्मक र प्रणालीगत तरिकाले सम्पादन हुन सकिरहेको अवस्था देखिदैन । यस तथ्यलाई मनन् गरी स्थानीय स्तरमा सेवा प्रवाह र स्थानीय विकासमा गुणात्मक सुधार गर्न क्षमता विकास सम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा तर्जुमा र संचालन गर्न स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम तेमाल गाउँपालिकाको सेवा प्रवाह तथा स्वशासनमा साझेदारहरुको सहभागिता समेतमा यो क्षमता विकास योजना तयार गरिएको छ । क्षमता विकास योजना तर्जुमाका चरण, विधि तथा प्रक्रियाका साथसाथै प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरु, लक्ष्यहरु, श्रोत तथा साधन, जिम्मेवारी र समयतालिका क्षमता विकास योजनाको संभावना तथा समस्या तथा चुनौतीलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहहरुको क्षमता विकासका लागि आपूर्ति (Supply) तथा मागमा (Demand) आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ । यसो गर्नुको पछाडि यो पालिकाले भविष्यमा सम्पादन गर्नुपर्ने कार्यहरुलाई समेत आँकलन गर्ने प्रयासलाई समेत दर्शाइएको छ । स्थानीय तहहरूले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन पालिकाको क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू पालिका र सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमताको आवश्यकतालाई सम्बोधन गरिएको छ । आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु लागु गर्न पालिकाले बढी अनुदान प्राप्त गर्ने कुराहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

१.२. गाउँपालिकाको संक्षिप्त परिचय

काभ्रेपलान्चोक जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमान्डौं, ललितपुर र भक्तपुर, उत्तरमा सिन्धुपलान्चोक र दक्षिणमा सिन्धुली र मकवानपुर जिल्ला पर्दछन् । पूर्वमा सुनकोशी, पश्चिममा नगरकोट डाँडा एंव साँगा भञ्ज्याङ्ग, उत्तरमा इन्द्रावती एवं सुनकोशी नदी र दक्षिणमा कोखाजोर एवं खानी खोलाले वेष्टित यो जिल्ला भौगोलिक विषमता र प्राकृतिक सम्पदायुक्त जिल्ला मानिन्छ । यस जिल्लामा ७ वटा गाउँपालिका र ६ वटा नगरपालिका छन् । ७ गाउँपालिका मध्ये तेमाल गाउँपालिका एक हो । जिल्लाको अरु गाउँपालिका भन्दा पृथक रहेको तेमाल गाउँपालिका सदरमुकामबाट ४० कि.मि. दुरीमा रहेको छ । गाउँपालिकाको क्षेत्रफल ८९ वर्ग किलोमिटर रहेको छ ।

यस गाउँपालिकाको पोखरीनारयणस्थान स्थित नारायणको ऐतिहासिक मन्दिर, सोही परिसरमा रहेको बौद्ध, स्वयम्भू र नमोबुद्ध स्तुपाहरु, तोङसुम कुण्ड, कुरुवास चापाखोरीमा रहेको सन्तानेश्वर महादेवको मन्दिर धार्मिक पर्यटनको हिसाबले प्रचुरता बोकेको स्थानको रुपमा परिचित रहेको छ । त्यसै गरी तेमाल गाउँपालिका अन्तर्गत रहेको वडा नं ४ बोल्दे स्थित सुनकोशी किनारमा रहेको भिम पाइला, वडा नं ६ ठूलोपर्सेल भञ्ज्याङ्मा रहेको गौखुरु, लोपोन्मुख रुपमा रहेका पौराणिक स्थलहरु हुन् जसको संरक्षण र सम्बर्द्धन गर्नु गाउँपालिकाको महत्वपूर्ण जिम्मेवारीका रुपमा रहेको छ । यसका साथै तेमाल गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका पौराणिक र धार्मिक मन्दिरहरु, गुम्बाहरु पनि संरक्षण र सम्बर्द्धन गर्नु नितान्त आवश्यक छ । तेमालको उच्चस्थलबाट कञ्चनजंगा देखि धौलागिरी सम्मका हिमश्रृंखलाहरु लहरै देख्न सकिन्छ । तेमालकै डाँडाबाट काठमाण्डौ उपत्यका र सिन्धुली गढी समेत देख्न सकिन्छ ।

१.२.१. राजनीतिक एवं प्रशासनिक विभाजन

साविकका ७ गा.वि.स.हरु मिलेर बनेको तेमाल गाउँपालिकामा साविक सर्स्यूंखर्कलाई १ र २ नं वडामा विभाजन गरिएको छ । साविक सरमथलीलाई वडा नं ३, साविक बोल्देफेदिचेलाई वडा नं ४, साविक पोखरीनारायणस्थानलाई वडा नं ५, साविक ठूलोपर्सेललाई वडा नं ६, साविक कुरुवास चापाखोरीलाई वडा नं ७ र साविक मेच्छे गाउँलाई वडा नं ८ र ९ मा विभाजन गरिएको छ । यसरी यस गाउँपालिकामा हाल ९ वटा वडाहरु रहेका छन् । गाउँपालिकाको पूर्वमा चौरी देउराली गाउँपालिका र रामेछाप जिल्ला, पश्चिममा रोशी गाउँपालिका र नमोबुद्ध नगरपालिका, उत्तरमा चौंरी देउराली गाउँपालिका, भुम्लु गाउँपालिका र पाँचखाल नगरपालिका, दक्षिणमा रोशी गाउँपालिका र सिन्धुली जिल्ला रहेका छन् ।

१.२.२ जनसांख्यिक विवरण

२०६८ सालको जनगणनाको आधारमा २२,७१२ जनसंख्या रहेको छ । बौद्ध धर्मालावलम्बीहरुको अत्यधिक बसोवास रहेको यस गाउँपालिकामा हिन्दु र इशाई धर्मावालम्वीहरुको समेत बसोबास रहेको छ । हाल बहुसँख्यक तामाङ्ग समुदाय रहेको यस क्षेत्रमा ब्राम्हण, क्षेत्री, नेवार, मगर तथा दलितका सँथै सिमान्तकृत जनजाति माझीहरुको समेत बसोबास रहेको छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन, पर्यटन व्यवसाय एवं धार्मिक महत्व बोकेको बोधी चित्तमालाको खेती एवं व्यवसाय र व्यापारलाई मुख्य पेशाको रुपमा अँगाल्दै आएका छन् ।

तालिका : गाउँपालिकाको जनसंख्या विवरण

वडा नं.	पुरुष	महिला	अन्य	जम्मा
१	१२८८	११३७	०	२४२५
२	१४६७	१३९२	०	२८५९
३	१४३०	१३४७	०	२७७७
४	१६२९	१५३२	१	३१६२

५	२२३८	२१८४	१	४४२३
६	२५७६	२३६६	०	४९४२
७	२६५२	२६३२	०	५२८४
जम्मा	**१३२८०**	**१२५९०**	**२**	**२५८७२**

स्रोत : गाउँपालिकाको पारिवारिक सर्वेक्षण २०७६, तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक

१.३. क्षमता विकास योजनाको उद्देश्य :

प्रस्तुत अध्ययन काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिकाको क्षमता विकाससँग केन्द्रित रही देहायका निर्दिष्ट (Specific) उद्देश्यहरु प्राप्त गर्नका लागि यो क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

- संविधान र प्रचलित कानुनहरुबाट प्राप्त अधिकार अनुरुप जनउत्तरदायीपूर्ण ढंगबाट कार्य सम्पादन गर्नका लागि तेमाल गाउँपालिकाको सवल र कमजोर पक्षहरुको पहिचान गर्ने ।
- स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारीहरु दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत स्थानीय विकासका सरोकारवालाहरुको कार्य दक्षता वृद्धि गर्न तथा नतिजामुखी कार्य प्रकृया अवलम्बन गर्न सहयोग पुऱ्याउने ।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप र विद्यमान क्षमता बीचको अन्तराल पहिचान गरी आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको प्रयोग र अनुशरण गर्ने ।
- मानव संशाधन तथा संस्थागत विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरु पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रकृयाका रुपमा संचालन, कार्यान्वयन तथा प्रयोग गर्दै जान आवधिक नीतिहरु अनुशरण गर्ने ।
- क्षमता विकास योजनामा मानव संशाधन, संस्थागत विकास र प्रणाली विकासका क्षेत्रहरु अन्तर्गत गरिनु पर्ने न्यूनतम कार्यहरुको प्राथमिकता अनुसार लगानी गर्नु पर्ने ।

उद्देश्यका सूचकहरु :

- क्षमता विकास योजनाको अन्त्य (आ.व. ०८०/८१) सम्ममा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम स्वमापनमा यो गाउँपालिकाले ६५ अंक प्राप्त गरेको हुनेछ ।
- आन्तरिक राजस्वको परिचालनमा आधार वर्ष (आ.व. ०७८/७९) को तुलनामा १५ प्रतिशत वृद्धि भएको हुनेछ ।

- क्षमता विकास योजनाको अन्त्यमा सेवा तथा सुविधामा पहुँच कम रहेका समुदाय एवं विपन्न वर्गको सहभागितामा आधार वर्षको न्यूनतम एक चौथाईले वृद्धि भएको हुनेछ ।
- गाउँपालिकाद्वारा संचालित योजना/कार्यक्रमहरु मध्ये अधिकांश (कम्तीमा तीन चौथाई) योजना कार्यक्रमहरु लक्षित लागत एवं समयमा सम्पन्न भएका हुनेछन् ।

१.४. क्षमता विकास योजनाको औचित्य

विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन । सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्व (Ownership) को अभाव देखियो । त्यसैगरी, स्थानीय तहहरुको संस्थागत क्षमता बढ्न गएको अवस्थामा स्वमुल्यांकन कार्यविधि, २०७७ ले कल्पना गरेको पुर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ ।

१.५. अपेक्षित प्रतिफल

क्षमता विकास योजनाको कार्यान्वयनबाट निम्न प्रतिफलको अपेक्षा गरिएको छ :

- संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल पत्ता लगाई मावन संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।
- मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलब्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ ।
- माग र आपूर्तिको आधारमा क्षमता विकास कार्ययोजनालाई वर्गिकरण गरी श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
- समुदाय र सरोकारवालहरुको कार्य सम्पादन स्तरमा समेत वृद्धि हुनेछ ।
- पालिकाबाट तयार हुने आर्थिक तथा वित्तिय एवं भौतिक प्रतिवेदनहरु समयबद्ध रुपमा तयार एवं सार्वजनीकिकरण हुनेछन् ।

१.६. प्रयुक्त विधि र प्रकृया

तेमाल गाउँपालिका तथा सरोकारवालाहरुको सक्रिय सहभागितामा क्षमता विकास योजना तर्जुमा गरिएको छ । यो योजना तर्जुमा गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ आधार दस्ताबेज मानिएको छ । किनभने स्थानीय तहको क्षमता स्वमुल्यांकन गर्न कार्यविधि नै तय भएको र यसले भविष्यमा नेपाल सरकार तथा प्रदेश सरकारबाट जाने चारै प्रकारका अनुदान प्राप्तीमा सकारात्मक भूमिका खेल्नेछ र पालिकाको आन्तरिक आय वृद्धिमा यसले कोशेढुंगाको काम गर्नेछ । प्रस्तावित यस क्षमता विकास योजना तर्जुमाको सिलसिलामा चेकलिस्ट तथा प्रश्नावली प्रयोग गरि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसँग टेलिफोन, इमेल, लगायतका माध्यमबाट छलफल, परामर्श, अन्तर्क्रिया जस्ता सहकार्यात्मक विधिहरु अपनाइएको थियो ।

तेमाल गाउँपालिकाको क्षमता विकास योजनाको तर्जुमा देहायका प्रकृयाहरु पुरा गरिएको थियो ।

१.६.१. सन्दर्भ सामग्री पुनरावलोकन

संविधान, ऐन, नीति नियम, कार्यविधि एवं कार्य विस्तृतीकरणको अध्ययन

गाउँपालिकाको क्षमता विश्लेषण गर्ने सन्दर्भमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, अर्थ मन्त्रालयद्वारा जारी गरिएका बजेट तर्जुमा दिग्दर्शन एवं कार्यसंचालन निर्देशका, २०७७, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, तेमाल गाउँपालिकाको विभिन्न आर्थिक वर्षका विनियोजन तथा आर्थिक ऐनहरु, महालेखा परिक्षकको कार्यालयबाट दर्शाइएका बेरुजु एवं कैफियतहरु, बागमती प्रदेश सरकारका प्रचलित कानुन एवं मापदण्डहरु, प्रदेश नीति तथा योजना आयोगका दस्ताबेजहरु लगायत क्षमता विकाससँग सम्बन्धित स्वदेशी विदेशी पुस्तक एवं जर्नलहरुको अध्ययन एवं पुनरावलोकन गरियो । साथै, सूची विकास, प्रश्नावली एवं डिस्कसन नोट आदी तयार गरी इन्टरनेटको माध्यमबाट तथ्यांक एवं सूचना संकलन गरियो ।

वार्षिक नीति तथा कार्यक्रमहरुको अध्ययन

गाउँपालिकाको गाउँसभाबाट पारित आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट, सातौ गाउँसभाबाट पारित आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट पुस्तिका अध्ययन गरियो । त्यसैगरी, पालिकाको आ.व. २०७७।७८ को बजेट तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षाको दस्ताबेजको पनि अध्ययन गरियो । अध्ययनको क्रममा विविध आर्थिक वर्षका आर्थिक ऐन तथा विनियोजन ऐनहरु अध्ययन गरियो । आर्थिक कार्यविधि ऐन तर्जुमाको क्रममा रहेकोले संघीय आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली २०७६ लागु रहेको देखियो ।

१.६.२. क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे छलफल

गाउँपालिकाको क्षमता विकास योजना तर्जुमाका सन्दर्भमा टेलिफोन, इमेल, वेवसाइट, पत्राचार आदि तथ्यांक एवं सूचना संकलन गरिएको थियो । त्यसैगरी, थप सुचना तथा तथ्यांक संकलन गरी नतिजामा पुग्न स्थलगत भ्रमण समेत सम्पन्न गरिएको थियो ।

१.७. अध्ययनका सीमाहरु

- कार्यशर्त अनुसार अन्तिम प्रतिवेदन पेश गर्ने अवधि तीन महिनाको रहेपनि आर्थिक वर्षको अन्त्यले गर्दा समयावधि घट्न गएको छ ।
- पालिकामा कार्यरत कर्मचारीहरु तथा केही पदाधिकारीहरु सँग टेलिफोन तथा इमेललाई मुख्य आधारमानि तयार पारिएकोले स्थानीय, वर्गीय एवम् समूहगत भावना समेटिन सकिएको छैन ।

- आर्थिक वर्षको अन्तिम महिना, कोभिडको माहामारी, अवरुद्ध यातायात सेवा लगायतका विषयहरु यो अध्ययनका अरु सीमा हुन् ।
- यस योजना तयार भई कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तिय स्रोत साधनहरुको उपलब्धता बारे उच्च जोखिम रहेको छ ।
- यस क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन धेरै लाग्ने भएकोले बहुपात्रबाट पनि स्रोत प्राप्त हुने अपेक्षा गरिएको छ ।

परिच्छेद २ :
क्षमता विकासको आवश्यकता पहिचान र विश्लेषण

२.१. क्षमता आवश्यकता पहिचान

योजना विनाको कार्यान्वयन फितलो हुन्छ भने योजना बनाई सो कार्यान्वयन हुन नसक्नु पनि ठीक हुँदैन । क्षमता विकास कार्यक्रम कार्यान्वयनको लागि आवश्यक वित्तीय तथा भौतिक श्रोत साधनको कमी स्वयंमा एक चुनौती रहेको छ भने आगामी तीन वर्षको क्षमता विकास योजना तर्जुमा गर्दा क्षमता विकासको लागि आवश्यक पर्ने स्रोत साधनलाई समेत ध्यान दिइएको छ ।

पालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुसँग छलफल गरी जुट्न सक्ने श्रोतको अनुमान प्रस्तुत गरिएकोले यो योजनाको कार्यान्वयनमा अपनत्व वृद्धि हुन जाने देखिन्छ ।

२.२. गाउँपालिकाको संगठन संरचना विश्लेषण

तेमाल गाउँसभाले लेखा, विधायन, सुशासन तथा अन्य समिति मार्फत् गाउँपालिकाको समग्र वस्तुस्थिति एवं क्रियाकलाप उपर नियन्त्रण राख्दछ । यस अर्थमा, गाउँ सभाले विधायिकी अधिकार प्रयोग गर्दछ । गाउँ कार्यपालिकाले आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यकारी समितिहरु मार्फत कार्यकारिणी अधिकारको प्रयोग गर्दछ । उपाध्यक्षको संयोजकत्वमा हुने न्यायिक समिति, राजस्व परामर्श समिति, योजना तथा बजेट समिति आदीको व्यवस्थाले अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकार स्पष्ट रुपमा तोकी अधिकार पृथकीकरणको अवधारणा समेत लागु गरेको पाइन्छ । यस अर्थमा, तेमाल गाउँपालिकासँग विधायिकी, कार्यपालिका एवं न्यायपालिका जस्ता तिनै अंगको समिश्रण रहेको देखिन्छ । जुन क्षमता विकासको दृष्टिकोणले ज्यादै महत्वपूर्ण र दुरगामी प्रतिफल दिने तथा जनतासँग नजिकमा रहेर जनतालाई सेवा दिने सरकारको निकटस्थ संस्था बन्न पुगेको छ । तेमाल गाउँपालिकाले सम्पादन गर्नुपर्ने करीब ४०० कामहरु सम्पादन गर्न क्षमता विकास योजना आवश्यक मात्र होइन नितान्त जरुरी नै भइसकेको छ । तसर्थ, यो कार्यको योजना तर्जुमाको सिलसिलामा गाउँपालिकाको संगठन संरचना विश्लेषण गर्न लागिएको हो ।

प्रमुख प्रशासकीय अधिकृत अन्तर्गत प्रशासन, योजना तथा अनुगमन शाखा, पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक तथा आर्थिक विकास शाखा एवं शिक्षा युवा तथा खेलकुद शाखा रहेको देखिन्छ । आर्थिक प्रशासन, राजस्व, योजना, सडक तथा अन्य पूर्वाधार, कानुनी मामिला, भवन तथा मापदण्ड कार्यान्वयन, सरसफाइ तथा विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, पञ्जिकरण, महिला बालबालिका आदि इकाइहरु गठन भई उपरोक्त शाखा भित्र रही कार्य सम्पादन

हुने गरेको देखिन्छ भने आन्तरिक लेखा परीक्षण ईकाइ प्रमुख प्रशासकीय अधिकृत मातहत प्रत्यक्ष रहेको देखिन्छ ।
प्राथमिक स्वास्थ्य केन्द्र घरेलु तथा साना उद्योग, कृषि सेवा केन्द्र, पशु केन्द्र, खेलकुद समिति, बालविकास केन्द्र इत्यादी विषयगत उपशाखाहरु पनि गाउँपालिकाको संगठन सरचना भित्र रहेको देखिन्छ । वडा कार्यालयहरुमा दरबन्दी पुरा नभएपनि ना.सु. र खरिदार स्तरका कर्मचारीहरुले २ वटा वडासम्म हेर्नु परेको देखिएको छ ।

सरसर्ति हेर्दा हाल गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत (रा.प.तृ.)- १ जना, लेखापाल (रा.प.अ.)- १ जना, वडा सचिव (रा.प.अ.प्र./द्वि.)- ५ रहेको तथा अन्य विभिन्न पदहरु सवइन्जिनियर, वडा सहायक, कार्यालय सहयोगी जस्ता पदहरु करारमा रहेको देखिन्छ । संघीय निजामती सेवाबाट समायोजन भई आएको शिक्षा, स्वास्थ्य, वन, कृषि, इन्जिनियरिङ्ग तथा विविध सेवाका पदाधिकारीहरु लगायतको दरबन्दी रहेको छ । हाल गाउँपालिकामा २२ जना कर्मचारी रहेको देखिन्छ । यो जनशक्तिले विषयगत शाखा मार्फत् दैनिक कामकाज गर्न नसक्ने हुँदा संगठन संरचना र दरबन्दी पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

२.३. क्षमता विकास लेखाजोखा

तेमाल गाउँपालिकाको क्षमता आवश्यकता पहिचान गर्नु अगाडि हाल विद्यमान क्षमता स्थितिको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । यस कार्यको लागि विषय विज्ञहरुले काभ्रे जिल्लास्थित तेमाल गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरु, वडाध्यक्ष, वडा वडा सदस्य, सचिवहरुसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गरी विवरण प्राप्त भएको थियो । यसैको आधार समेतमा गरिएको उक्त गाउँपालिकाको क्षमता लेखाजोखा देहाय बमोजिम देखिएको छ :–

तेमाल गाउँपालिका, काभ्रपलान्चोकको क्षमता लेखाजोखा र अन्तराल पहिचान

१. मानव संशाधन अवस्था विश्लेषण

पदीय जिम्मेवारी वा पद	सम्पादन गर्नु पर्ने प्रमुख कार्य	कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता)	कार्य सम्पादनमा देखिएको अन्तराल (Gap)	कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता)	क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)
अध्यक्ष,	सभाको कार्यसूची, बैठक आह्वान र निर्णय कार्यान्वयन गर्ने गराउने	• प्रत्येक महिनाको गते र गते गाउँ कार्यपालिकाको बैठक बस्ने गरेको • वार्षिक बजेट तथा कार्यक्रम समयमै पेश गरेको जस्तै–आ.व. ०७७।७८ को बजेट असार १० गते पेश भएर पारित भएको	• आन्तरिक आयको हिंस्सा बढ्न नसकेको • योजना प्रगति समिक्षाको लागि स्थानीय विकास समस्या समाधान समिति गठन नभएको ।	• बजेट तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम	मानव संशाधन
	कानुन निर्माण सम्बन्धी	• गाउँपालिकाकोसुसञ्चालनको लागि करिब ४० वटा ऐनलगायत निर्देशिका, नियमावली, कार्यविधिसमेत गरी ७३ वटा नमूना कानून जारी गर्नु पर्नेमा हालसम्म ऐन, नियम, निर्देशिकार र कार्यविधि गरी ३१ वटा जारी भएको	• सेवा प्रवाह तथा स्थानीय विकास सम्बन्धमा बाँकी कानुन निर्माण नभएको • कानुन तर्जुमा गर्न विज्ञ जनशक्ति नभएको	• कानुन निर्माण सम्बन्धी प्रशिक्षण	मानव संशाधन संस्थागत
	प्रशासकीय तथा आर्थिक व्यवस्था सम्बन्धी	• गाउँपालिका, वडा समितिहरु आदिको दैनिक कार्यको रेखदेख पालिकाबाट गर्नुपर्ने सिफारिसहरु भएको		सुशासन, नेतृत्व विकासलगायत व्यबस्थापनका नविनतम्	मानव संशाधन

		• सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धमा नगर प्रमुखबाट प्रचलित कानुन बमोजिम कार्य भइरहेको		आयाम सम्बन्धी प्रशिक्षण	
उपाध्यक्ष	विभिन्न समितिको संयोजक भई काम गर्ने अनुगमन समितिको संयोजक भई काम गर्ने	• न्यायीक समितिको संयोजक भई काम गरेको । न्यायीक समितिको प्रतिवेदन समय भित्रै पेश भएको • राजस्व परामर्श समितिको संयोजक भइ काम गरेको • बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भइ काम गरेको	सबै योजनको अनुगमन हन नसकेको	• विकास आयोजनाको अनुगमन तथा मुल्यांकनका विषयक सीपमलूक क्षमता विकास कार्यक्रम • समन्वय तथा निर्णय प्रकृया सम्बन्धी कार्यविधि	मानव संशाधन प्रणालीगत
वडा अध्यक्ष	• वडा समितिको समन्वयकर्ता भई काम गर्ने • स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र समीक्षा गर्ने • सिफारिस तथा प्रमाणित गर्ने	• वडाको हकमा गते र गते बैठक बस्ने गरेको • वडा सचिवको अभावमा अन्य शाखाका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिइएको • नागरिक वडापत्रमा उल्लेख भए बमोजिमको सिफारिस तथा प्रमाणित गर्ने कार्य निरन्तर भइरहेको	• दक्ष कर्मचारीको अभावमा गुणस्तरीय कार्यमा बाधा पुगेको • योजना कार्यान्वयन, अनुगमन र समीक्षाको कार्य दक्षतामा कमी भएको	• योजना कार्यान्वयनमा गुणस्तरीयता अभिवृद्धि सम्बन्धी आधारभूत तालिम	मानव संशाधन
कार्यपालिका सदस्य	• विषयगत क्षेत्रको संयोजक रहने सम्बन्धी • कार्यपालिकाले तोकेको कार्य सम्बन्धी			संयोजनको अबधारणा र संयोजकको भूमिका सम्बन्धमा सीपमुलक तालीम	मानव संशाधन
प्रमुख	• निर्णय कार्यान्वयन	• सबै प्रकारका बैठकहरु समयमै बोलाइ	• आर्थिक विवरणको	• NPSAS सम्बन्धी	मानव संशाधन

प्रशासकीय अधिकृत	सम्बन्धी ● योजना, सार्वजनिक खरिद, आर्थिक प्रशासन तथा लेखा परीक्षण सम्बन्धी ● अनुगमन, मुल्यांकन सम्बन्धी	संचालन गर्ने गरेको ● गाउँ सभा सम्पन्न गरेको, खर्च गर्ने अख्तियारी प्राप्त गरी बजेट कार्यान्वयन गरेको, आर्थिक कारोवारको अभिलेख राख्न लगाएको, ● कार्यपालिकाको प्रतिनिधित्व गरी अन्तर सरकारी निकायको बैठकमा भाग लिने गरेको	तयारीमा NPSAS को प्रयोग नगरेको ● आलेप तथा मलेपका बेरुजुहरु लक्ष्य निर्धारण गरी फछ्र्यौट नगराएको जस्तै– आ.ब. २०७५-७६ सम्मको बेरुजु रु. ५ करोड ५ लाख २३ लाख मध्ये फछ्र्यौटमा ज्यादै कमी भएको ● खरिदको गुरुयोजना तथा योजना नबनाएको	सीप विकास तालिम ● लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट सम्बन्धी उत्प्रेरणात्मक प्रशिक्षण ● सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालीम	मानव संशाधन मानव संशाधन
२. विषयगत शाखाहरु					
क) प्रशासन, योजना तथा अनुगमन शाखा	१. आवधिक योजना तयार गर्ने २. सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने ३. सामाजिक परिक्षण गर्ने ४. O & M Survey गरी गाउँपालिकाको संरचना चुस्त दुरुस्त बनाउने ५. कर्मचारीको कार्यविवरण तयार गर्ने	● आवधिक योजना तयार नभएको ● आ.व. ०७५।७६ मा सार्वजनिक सुनुवाइ भएको छैन ● सेवाग्राही सन्तुष्टि सर्भेक्षण विगत १ वर्षमा नभएको ● पालिकाको कूल स्वीकृत दरबन्दी मध्ये पदहरु रिक्त रहेको ● कर्मचारीको हकमा संघीयता निजामती आचार संहिता लागु भएको	● सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण निर्धारित समयमा नभएको ● पदाधिकारीको आचार संहिता नबनेको ● योजना तथा बजेट तर्जुमा दिग्दर्शन तयार नभएको ● मध्यमकालिन खर्च संरचना तयार नभएको ● O & M Survey नभएको	● आवधिक योजना र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण ● सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको ढाँचा निर्धारण ● पदाधिकारीको आचार संहिताको तर्जूमा	मानव संशाधन मानव संशाधन प्रणालीगत

ख) पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा	१. भवन सम्बन्धी मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन २. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन	• एकीकृत बस्ती विकास योजना तयार नभएको • बिपद जोखिम न्यूनीकरण तथा व्यबस्थापन ऐन,२०७६ कार्यान्वयनमा आएको • निमार्ण व्यबसायी इजाजत सम्बन्धी कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याएको ।	• नक्सा पास कार्यविधि नभएको • सार्वजनिक नीजि साझेदारी नीति तयार नभएको • घरेलु सौर्य उर्जा प्रणाली अनुदान कार्यविधि नभएको	• सार्वजनिक नीजि साझेदारी नीतिको तयारी • एकिकृत बस्ती विकास कार्यविधिको तयारी	संस्थागत संस्थागत
ग) स्वास्थ्य तथा सामाजिक विकास शाखा	१. वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको लागि वित्तिय साक्षरता र सीपमुलक तालिम संचालन गर्ने २. बेरोजगारीको तथ्यांक संकलन गर्ने ३. अस्पताल संचालन गर्ने	• स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन कार्यान्वयनमा रहेको • सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन कार्यान्वयनमा रहेका • स्थास्थ्य चौकी ५ र स्वास्थ्य इकाई ५रहेको • यस बर्ष १५वेडको अस्पताल स्वीकृत भएको • एम्बुलेन्स संचालनमा आएको	• एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि नभएको • गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य नभएको • ५ शैयाको अस्पताल निर्माण नभएको	• सरसफाई र गुणस्तरीय कार्य सम्बन्धी चेतानमूलक अभिमुखीकरण कार्यक्रम • गैरसरकारी स्वास्थ्य संस्थासँग साझेदारी तथा सहकार्य सम्बन्धी कार्यविधि	मानव संशाधन प्रणालीगत

घ) शिक्षा, युवा तथा खेलकूद शाखा	१. बालविकास, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा सम्बन्धी २. विद्यालयहरुको जग्गा तथा सम्पत्ति व्यवस्थापन एवं अभिलेख ३. विद्यालयलाई जाने अनुदान तथा बजेटको व्यवस्थापन, अनुगमन एवं नियमन	• शिक्षक दरबन्दी मर्ज तथा मिलान गरेको • जिन्सी तथा सम्पत्ति व्यबस्थापनको बिद्यालय लेखा ढाँचागत फर्ममा अभिलेख राख्ने • ४१ वटा सामुदायिक बिद्यालय मध्ये १० वटा माध्यमिक र ३१ वटा आधारभुत विद्यालय भएको • सामुदायिक बिद्यालयको शिक्षक दरबन्दी मिलान नगरेको • सामुदायिक विद्यालयमा जाने अनुदान तथा बजेटको व्यवस्थापन, लेखा अनुशासन, अनुगमन र नियमन गर्ने गरेको	• सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि नभएको • पालिकामा कृषि, पशु, होटल ब्यबस्थापन तथा इन्जिनियरिङ्ग बिषयको शिक्षणको आबस्यकता • सामुदायिक बिद्यालयमा शिक्षक दरबन्दी नपुगेको • शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकास तर्फ खास काम हुन नसकेको	– अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम –प्रधानाध्यापकहरुका लागि नेतृत्व विकास, सार्वजनिक खरिद एवम् लेखापालन सम्बन्धी प्रशिक्षण –विद्यालयका कर्मचारीहरुका लागि सार्वजनिक खरिद एवम् लेखापालन सम्बन्धी सीपमूलक तालीम	प्रणालीगत मानव संशाधन मानव संशाधन
ङ) आर्थिक प्रशासन शाखा	१. आय व्ययको सार्वजनिकीकरण गर्ने २. अन्तिम लेखा परीक्षणको प्रतिवेदन ३. एकिकृत आर्थिक बिवरणको तयारी	• मासिक रुपमा आय व्ययको सार्वजनिकीकरण गर्ने गरेको • एकीकृत सम्पत्ति विवरणको लागि सफ्टवेयर तयार भएको • राजस्व सधार कार्ययोजना,२०७५ लागु भएको	• बेरुजु फछ्र्यौट एवं फरफारक सन्तोषजनक नभएको • आर्थिक बिबरणको तयारीमा NPSAS को प्रयोग नगरेको	• बेरुजु फछ्र्यौट कार्य योजना तथा तालिकाबद्ध कार्यको तर्जुमा • लेखा समिति कार्य सञ्चालन नियमावलीको तर्जुमा	प्रणालीगत प्रणालीगत
च) कृषि/ पुश विकाश शाखा	१. बीउ बिजन, मलखादको आपूर्ति र नियमन २. कृषकहरुको क्षमता अभिवृद्धि	…….	• कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि नभएको • बीउ बिजन, मलखाद, रसायन तथा औषधी र	• प्रांगारिक खेती तथा मलसम्बन्धी सीपमुलक तालिम • बीउ बिजन, मलखाद तथा	मानव संशाधन प्रणालीगत

	३. प्रांगारिक खेती तथा मलको प्रबर्द्धन एवं प्रचारप्रसार		नियमन सम्बन्धी कार्यविधि नभएको	औषधीसम्बन्धी नियमन कार्यविधिको तर्जुमा	
छ) आन्तरिक लेखा परीक्षण ईकाई	-गाउँपालिकाको आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण गर्ने -अन्तिम लेखा परीक्षणको लागि लेखा श्रेस्तालाई दुरुस्त तथा तयारी हालतमा राख्न लगाउने ।	आन्तरिक लेखा परीक्षणको लागि छुट्टै कर्मचारी व्यवस्था भएको	आन्तरिक लेखा परीक्षण दिग्दर्शन नभएको	-आन्तरिक लेखा परीक्षण दिग्दर्शनको तयारी -आन्तरिक लेखापरीक्षण सम्बन्धित कर्मचारीहरुको पेशागत विकास कार्यक्रम	प्रणालीगत मानव संशाधन
	अन्य कार्य				
स्थानीय अभिलेख व्यवस्थापन	• व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाई सराईको अभिलेख	व्यक्तिगत घटना दर्ता अभिलेख	• नवीनतम प्रविधिको आधारमा सम्पन्न योजना तथा सार्वजनिक सम्पत्तिको ढाँचागत रुपमा अभिलेख	स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा	प्रणालीगत
जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन	• जेष्ठ नागरिक, अनाथ, असहाय लगायतका लागि सेवा र आश्रय केन्द्रको संचालन गने		• जेष्ठ नागरिक, अनाथ, असहाय लगायतका लागि सेवा र आश्रय केन्द्रको संचालन नभएको	• जेष्ठ नागरिक अनाथ, असहाय लगायतको लागि आश्रय केन्द्रको स्थापना	संस्थागत
सहकारी संस्था	• सहकारी संस्थाको नीति, कानुन, मापदण्ड एवं नियमन	• तेमाल गाउँपालिका सहकारी ऐन २०७६ कार्यान्वयना आएको		• सहकारी संस्थाको अनुगमन तथा नियमनका लागि सीपमूलक प्रशिक्षण	प्रणालीगत

२. संस्थागत विश्लेषण

२.१. संस्थागत क्षमता स्वमूल्यांकनको आधारमा

स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक	पुर्णांक	प्राप्तांक	स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap)	क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम	क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)
१. शासकीय प्रबन्ध	**९**	**७.५**			
१.१.१. सभाको संचालन प्रकृया	१	१	अन्तराल नदेखिएको		
१.१.२. कार्यपालिकाको निर्णय प्रकृया	१	१	अन्तराल नदेखिएको		
१.१.३. सभा/कार्यपालिकाकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण	१	१	अन्तराल नदेखिएको		
१.२.१. सभा र कार्यपालिकाका समिति/उपसमिति संचालन सम्बन्धी कार्यविधि	१	०	स्थानीय शासन संचालन ऐनमा व्यवस्था भएका यस कार्यपालिकाका सबै समिति उपसमितिहरुको बैठक र सभा संचालन सम्बन्धी कार्यविधि निर्माण भइ नसकेको	सभा संचालनसम्बन्धी कार्यविधिको तर्जुमा	प्रणालीगत
१.२.२. कार्यपालिकाको बैठक संचालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्य सूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदी)	१	१	अन्तराल नदेखिएको		
१.२.३. आन्तरिक नियन्त्रण प्रणाली	१	०.५	आन्तरिक नियन्त्रण प्रणालीका कार्यविधि तयार नभएको	आन्तरिक लेखापरीक्षणको योजना, परीक्षण सूचि र प्रतिवेदनसम्बन्धी कार्यशाला	
१.२.४ स्थानीय तहका पदाधिकारीहरुको	१	१	अन्तराल नदेखिएको		

स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक	पुर्णांक	प्राप्तांक	स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap)	क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम	क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)
सम्पत्ति विवरण					
१.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या	१	१	महिनामा कम्तीमा १ पटक बैठक बसी पुर्व निर्णयहरुको कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने नगरिएको		
१.३.२ लेखा प्रणालीमा SUTRA को प्रयोग	१	१	अन्तराल नदेखिएको		
२. संगठन तथा प्रशासन	**८**	**२.०**			
२.१.१ गाउँ/नगरपालिकाको क्षमता विकास	१	०	क्षमता विकास योजना नभएको	क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन	प्रणालीगत
२.१.२ प्रतिवेदन तथा विवरण प्रेषण	१	०	संघ र प्रदेशलाई पठाउनु पर्ने विवरणहरु तोकिएको समयमा नपठाइएको, कार्यालयको वेभसाइटमा ती विवरणहरु नराखिएको	दिगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति, कार्ययोजना र प्रतिवेदन सम्बन्धी प्रशिक्षण	मानव संशाधन
२.२.१ विषयगत विभाग/महाशाखा शाखा/उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्त्यव्य, अधिकार र जिम्मेवारीको कार्यविवण	१	०	कार्यपालिकाको सबै जनशक्तिको कार्यविवरण तयार नभएको र त्यस्ता विवरणहरु वेभसाइटमा नराखिएको	सबै सूचनाको सार्वजनिकीकरणको आवश्यकता	प्रणालीगत
२.२.२. स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति	१	१	अन्तराल नदेखिएको		
२.२.३. कर्मचारीहरुको कार्यसम्पादन सम्झौता	१	०	नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता नभएको	कार्यसम्पादन सम्बन्धी अभिमुखीकरण कार्यक्रम	प्रणालीगत
२.३.१. जनशक्ति क्षमता विकासमा लगानी	१	०	कूल चालू खर्चको १.५ प्रतिशतभन्दा बढी	जनशक्ति विकासमा लगानी	संस्थागत

स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक	पुर्णांक	प्राप्तांक	स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap)	क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम	क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)
			जनशक्ति क्षमता विकासमा खर्च नभएको	सम्बन्धी अभिमुखीकरण कार्यक्रम	
२.३.२ प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन	१	१	अन्तराल नदेखिएको		
२.३.३. क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता	१	०	समग्र पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रममा सहभागिता नभएको	क्षमता विकास योजनामा पदाधिकारी तथा कर्मचारी सहभागिताको महत्व सम्बन्धी अभिमुखीकरण	संस्थागत
३. वार्षिक बजेट तथा योजना व्यवस्थापन	**११**	**३.०**			
३.१.१. वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा	१	०	एकीकृत भूउपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS मा आधारित क्षेत्रगत योजना (Spatial Plan) मा आधारित आवधिक विकास योजना नबनेको साथै मध्यमकालिन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा नभएको	आवधिक योजना, बजेट तर्जुमा र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण	मानव संशाधन
३.१.२. बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय	१	१	अन्तराल नदेखिएको		
३.२.१. दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण	१	०	दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्न नीति तथा कार्ययोजना नभएको तथा वार्षिक योजनामा समावेश नभएको	दिगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति, कार्ययोजना र प्रतिवेदन सम्बन्धी	मानव संशाधन

स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक	पुर्णांक	प्राप्तांक	स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap)	क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम	क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)
				प्रशिक्षण	
३.२.२. विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण	१	०	प्राथमिकता क्षेत्र निर्धारण गरी विषय क्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण गरी सोही अनुरुप बजेट तथा कार्यक्रम तर्जुमा नभएको	बजेट तथा कार्यक्रमको तर्जुमा दिग्दर्शनको तयारी	प्रणालीगत
३.२.३. बजेट प्रस्तुती तथा स्वीकृति	१	०	असार १० गतेभित्र बजेट प्रस्तुत भई असार मसान्तभित्र स्वीकृत हुने गरेको नपाइएको	बजेट तथा कार्यक्रमको तर्जुमा दिग्दर्शनको तयारी	प्रणालीगत
३.२.४. गैरसरकारी संघ संस्थाहरुले गाउँ/नगरसभाबाट पारित गरी योजना कार्यान्वयन	१	०	सबै गैससका कार्यक्रमहरु नगरपालिकाको वार्षिक योजना कार्यक्रममा समावेश भई कार्यान्वयनमा नआएको	गैसस कार्यक्रमलाई पालिकाको वार्षिक कार्यक्रममा समावेश गर्न अभिमुखीकरण कार्यक्रम	संस्थागत
३.३.१. कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा	१	०	कुल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशत नपुगेको	आन्तरिक आयको तुलनात्मक रुपमा आय वृद्धि सम्बन्धी सामूहिक छलफल (focal group discussion) कार्यक्रम	संस्थागत
३.३.२. पाँच लाखभन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा	१	१	कूल पूँजीगत बजेटको हिस्सामा ५ लाखभन्दा कम लागतका आयोजनाहरु ३० प्रतिशतभन्दा बढी नै भएको	पुँजिगत बजेट तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम	मानव संशाधन
३.३.३. वार्षिक आन्तरिक आय वृद्धि गत वर्षको तुलनामा	१	१	अन्तराल नदेखिएको		
३.३.४. गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स. को नगद लागत साझेदारी	१	०	गैससको नगद लागत साझेदारी ३० प्रतिशत नपुगेको	गैसस क्रियाकलापमा साझेदारी भई पालिकाको वार्षिक कार्यक्रममा समावेश पुनर्ताजगी कार्यक्रम	

स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक	पुर्णांक	प्राप्तांक	स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap)	क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम	क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)
३.३.५. समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि विनियोजित बजेट	१	०	कार्यविधि तयार भएपनि कार्यविधि अनुसार लागत साझेदारी नभएको	लगत साझेदारीको लागि बजेट व्यबस्था	संस्थाग t
४. वित्तिय एवं आर्थिक व्यवस्थापन	**११**	**६.०**			
४.१.१ आन्तरिक स्रोत	१	१	अन्तराल नदेखिएको		
४.१.२. वित्तीय अनुशासन	१	०	अन्तिम लेखापरीक्षणले औल्याएको बेरुजु कूल खर्चको १ प्रतिशतभन्दा बढी हुने गरेको	आर्थिक अनशासन कायम सम्बन्धी	
४.२.१ आय व्ययको वर्गिकरण तथा लेखांकानका लागि नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग	१	१	अन्तराल नदेखिएको		
४.२.२. आय र व्ययको विवरण सार्वजनिकीकरण	१	०	पूर्ण रुपमा प्रयोग नगरिएको		
४.२.३. प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन	१	०	खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भई पुर्ण रुपमा कार्यान्वयनमा नआएको	सार्वजनिक खरिदको गुरुयोजना र वार्षिक खरिद योजना	प्रणालीगत
४.२.४. वार्षिक बजेट कार्यान्वयनको प्रगति समिक्षा	१	०	गत आ.व. को वार्षिक बजेट कार्यान्वयनको प्रगति समिक्षा चालु आ.व. को पहिलो चौमासिक भित्र सम्पन्न गरि समिक्षा प्रतिवेदन सार्वजनिक नगरेको	समीक्षा प्रतिवेदनउपर छलफल	संस्थागत
४.३.१. रकमान्तर	१	०	सभाबाट स्वीकृत गरेको कार्यक्रममा तोकिएको बजेटको सीमा र शीर्षक भित्र मात्र खर्च भई रकमान्तर नगरेको नदेखिएको	बजेटको सीमा र शीर्षक भित्र मात्र खर्च भई रकमान्तर नगरेको	प्रणालीगत

स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक	पुर्णांक	प्राप्तांक	स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap)	क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम	क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)
४.३.२. प्रशासनिक खर्च	१	१	अन्तराल नदेखिएको		
४.३.३. पूँजीगत खर्च	१	१	अन्तराल नदेखिएको		
४.३.४. राजस्व संकलन	१	१	अन्तराल नदेखिएको		
४.३.५. खर्च गर्ने अख्तियारी	१	१	अन्तराल नदेखिएको		
५. सेवा प्रवाह	**१६**	**३.५**			
५.१.१. सेवा प्रवाह	१	१	अन्तराल नदेखिएको		
५.१.२. वडाले उपलब्ध गराउने सेवा	१	०.५	वडाले उपलब्ध गराउने सेवा प्रदान गर्न सबै वडामा आफ्नै भवन नभएको	वडा कार्यालयको भवन निर्माण	संस्थागत
५.१.३. सेवा प्रतिको सन्तुष्टि	१	०	सेवा प्रवाहबाट सेवाग्राही पुर्ण सन्तुष्ट भएको प्रतिवेदन नभएको	एकीकृत सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम	प्रणालीगत
५.२.१. सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग	१	०	सेवा प्रवाहमा टोकन, अनलाइन रजिष्ट्रेशन प्रणालीहरु प्रयोग नभएको	सूचना प्रविधिमा आधारित सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम	प्रणालीगत
५.२.२. सेवा प्रवाहको मापदण्ड (SOP)	१	०	सेवा प्रवाहको मापदण्ड तयार नभएको	विषय विज्ञको सेवा मार्फत SOP बनाउने	प्रणालीगत
५.२.३. बैंकिङ प्रणालीबाट भुक्तानी	१	१	अन्तराल नदेखिएको		
५.२.४. वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था	१	०	वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था नभएको	सेवा प्रवाह	प्रणालीगत
५.३.१. गुनासो फछ्र्योट	१	१	अन्तराल नदेखिएको	गुनासो सुन्ने कर्मचारी तोक्ने र निजलाई प्रशिक्षण	प्रणालीगत
